# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, चैत्र २५ गते, २०७७ साल (अतिरिक्ताङ्क १०(क)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (तेस्रो संशोधन) आदेश, २०७७

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



सुदूरपश्चिम प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (तेस्रो संशोधन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ (यसपछि "मूल आदेश" भनिएको) को दफा ६ मा संशोधनः प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ (यसपछि "मूल आदेश" भनिएको) को दफा ६ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (११) पछि देहायको उपखण्ड (१२), (१३) र (१४) थपिएका छन् :-

"(१२) प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गरी कार्यान्वयनमा सहजीकरण गर्ने,

(१३) प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग गर्न राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले तयार गरेको आधार बमोजिम नीति, निर्देशिका तथा मार्गदर्शन तयार गर्ने,

(१४) तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।"

३. मूल आदेशको दफा १५ मा संशोधनः मूल आदेशको दफा १५ को "सुविधा र भत्ता" भन्ने शब्दहरुको सट्टा "क्रमशः प्रदेश सरकारको राज्यमन्त्री तथा प्रदेश सरकारको सहायक मन्त्री सरह र अन्य सुविधा" भन्ने शब्दहरु राखिएका छन्।

४. मूल आदेशमा दफा २५क. थपः मूल आदेशको दफा २५ पछि देहायको दफा २५क. थपिएको छ :-

"२५क. अनुसूचीमा हेरफेरः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।"

५. मूल आदेशको अनुसूची-२ मा संशोधनः मूल आदेशको अनुसूची-२ को,-

(१) क्रम संख्या १ को उपाध्यक्ष महलमा रहेका "प्रमुख सचिव (विशिष्ट श्रेणी) को शुरु तलब स्केल बराबर" भन्ने शब्दहरुको सट्टा "राज्यमन्त्री सरह" भन्ने शब्दहरु राखिएका छन्।

(२) क्रम संख्या १ को सदस्य महलमा रहेका "प्रदेश सचिव (रा.प. प्रथम श्रेणी) को शुरु तलब स्केल बराबर" भन्ने शब्दहरुको सट्टा "सहायक मन्त्री सरह" भन्ने शब्दहरु राखिएका छन्।

(३) स्पष्टीकरण खण्डको प्रकरण ३ मा रहेका "प्रमुख सचिव सरह" भन्ने शब्दहरुको सट्टा "राज्यमन्त्री





सरह" भन्ने शब्दहरु र "प्रदेश सचिव सरह" भन्ने शब्दहरुको सट्टा "सहायक मन्त्री सरह" भन्ने शब्दहरु राखिएका छन् ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः२०७७।१२।२५

आज्ञाले,
गंगा बहादुर खरेल
प्रदेश सरकारका सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली मुल्यः रु. ५।-